फलेवास नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत

०६७-४३०१०२, ४३०१०३, ४३०१०४

प.सं.२०८३/०८४(आ.ले.प शाखा) चलानी नं. ०१ गण्डकी प्रदेश नेपाल ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु, मितिः २०८३/०४/१३

फलेवास नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत ।

विषयः आन्तरिक लेखापरीक्षण योजना एवं कार्ययोजना सम्बन्धमा ।

प्रस्तुत विषयको सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम नगरपालिकाको आन्तरिक लेखापरिक्षण कार्य यस शाखाबाट हुँदै आएको व्यहोरा विधितै छ । सोहि बमोजिम आ.ब २०८३/०८४ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षणको वार्षिक कार्ययोजना यसैसाथ संलग्न छ । संलग्न कार्ययोजना स्वीकृतको लागि अनुरोध गर्दछु ।

२०८३/०४/१२

मनिष शर्मा अधिकारी
सहायक आ.ले.प. अधिकृत

बोधार्थः श्री शाखाहरु (सबै),
श्री वडा कार्यालयहरु १-११ वटै ।
श्री सूचना प्रविधि शाखाः वेभसाइटमा अपलोड गरिदिनुहुन ।

श्री सूचना प्रविधि शाखा

४/१३

फलेवास नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

वार्षिक कार्ययोजना

आ.ब २०८३/०८४

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

आन्तरिक लेखापरीक्षण शाखा

फलेवास नगरपालिका

मनिष शर्मा अधिकारी
सहायक आ.ले.प. अधिकृत

Scanned with CamScanner

फलेवास नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत ।

आन्तरिक लेखापरीक्षण शाखा (आ.ले.प. शाखा) को वार्षिक कार्ययोजना
आर्थिक वर्ष २०८३/०८४

फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय खानीगाउँ, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

खण्ड-क

१. कार्यालयको नामः फलेवास नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

२. कार्यालय कोडः ८०१०४४२०२

३. कार्यालय स्थापनाको उद्देश्यः नेपालको संविधानमा उल्लेखित स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ समेतको आधारमा यस नगरपालिकाको जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गरी नगरवासीलाई सुलभ र गुणस्तरीय सेवा प्रवाह प्रदान गर्ने ।

४. कार्यालयबाट सम्पादन हुने प्रमुख कार्यप्रवाहको अवस्थाः

क्र.स	सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरु
१.	शिक्षा, खेलकुद तथा संस्कृति सम्बन्धि कार्यहरु
२.	स्वास्थ्य सम्बन्धी कार्यहरु
३.	सामाजिक सुरक्षा, अपाङ्गता, जेष्ठ नागरिक तथा अन्य लक्षित वर्गका कार्यहरु
४.	कृषि तथा पशु विकास कार्यहरु
५.	विपद् व्यवस्थापन तथा वातावरण संरक्षणका कार्यहरु
६.	गाउँ नगर साझेदारी र गरीबी न्युनिकरण सम्बन्धी कार्यहरु
७.	घर नक्सा पास , मापदण्ड निर्धारणका कार्यहरु

५. शाखाको काम कारबाहीसँग सम्बन्धीत नीतिगत एवंम कानूनी व्यवस्थाः
कार्यालयको काम कारबाहीसँग सम्बन्धित नीतिगत एवंम कानूनी व्यवस्था उल्लेख गर्ने ।

क्र.स	ऐन, नियम
१.	नेपालको संविधान
२.	स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३.	सार्वजनिक खरिद ऐन, २०६३
४.	सार्वजनिक खरिद नियमावली, २०६४
५.	फलेवास नगरपालिकाको खरिद नियमावली, २०७७
६.	आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली,२०७७
७.	आयकर ऐन, २०५८ र नियमावली, २०५९
८.	मूल्य अभिवृद्धि कर ऐन, २०६३

मनिष शर्मा अधिकारी
सहायक आ.ले.प. अधिकृत

Scanned with CamScanner

९.	नगरपालिकाबाट तर्जुमा भएका विभिन्न ऐन, नियमावली, निर्देशिका, मापदण्ड तथा कार्यविधिहरु

६. कार्यालयको संगठन, स्वरुप र संरचना:

- नगरसभा
- नगरकार्यपालिका
- शाखाहरु
  - ✓ प्रशासन शाखा
  - ✓ सामाजिक विकास शाखा
  - ✓ योजना तथा पूर्वाधार शाखा
  - ✓ आर्थिक विकास महाशाखा
  - ✓ आर्थिक प्रशासन शाखा
  - ✓ आन्तरिक लेखापरीक्षण शाखा
- वडा कार्यालयहरु:

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बालीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

७. यस वर्षको वार्षिक स्वीकृत कार्यक्रम:

क.स	मुख्य कार्यक्रमहरु
१.	कृषि तर्फः
	कृषि यान्त्रिकिकरण कार्यक्रम
	साना सिचाईं कार्यक्रम
	हाट बजार कार्यक्रम
	विउ उत्पादन कार्यक्रम
	मौरी पकेट विकास कार्यक्रम
	रैथाने बाली प्रवर्द्धन कार्यक्रम
२.	पशु तर्फः
	प्रतिफलमा आधारित अनुदान कार्यक्रम
	उन्नत बोका वितरण कार्यक्रम
३.	पर्यटन प्रबर्द्धनः
	मनमोहन शान्तिबाटिका पूर्वाधार निर्माण
	उधयम विकास कार्यक्रम
४.	शिक्षा तर्फः
	विधालय क्षेत्रविकास कार्यक्रम
	विधार्थी प्रतिभा पहिचान कार्यक्रम
	सट्टा शिक्षक कार्यक्रम
५.	स्वास्थ्य तर्फः

मनिष शर्मा अधिकारी
सहायक आ.ले.प. अधिकृत

Scanned with CamScanner

	घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम
	आमा बा स्वास्थ्य कार्यक्रम
६.	न्यायिक समिति तर्फः
	न्यायिक सचेतना कार्यक्रम
७.	श्रम रोजगार तर्फः
	वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई रोजगारी सम्बन्धी अभिमुखीकरण कार्यक्रम
८.	पूर्वाधार विकासतर्फः
	नगरका गौरवका आयोजनाहरु
	कार्यालय भवन र वडा कार्यालयहरु
९.	वातावरणतर्फः
	वातावरण संरक्षण तथा सरसफाईका कार्यक्रमहरु
१०.	संस्थागत विकासतर्फः
	राजस्व सुधार कार्ययोजना निर्माण

८. आर्थिक कारोबारको अवस्थाः

क) विनियोजनः

क.स	बजेट उपशिर्षक	कुल बजेट रु.हजारमा
१.	आर्थिक विकास	३५,३००
	कृषि विकास शाखा	१४५००
	पशुपंक्षि विकास शाखा	५७००
	पर्यटन प्रवर्द्धन	५४००
	सहकारी	५००
	उद्योग विकास	१६००
	गरिबी न्युनिकरण	६०००
	रोजगारी सृजना	१६००
२.	सामाजिक विकास	४०७४००
	शिक्षा	३२२४००
	स्वास्थ्य	७२३००
	महिला बालबालिका र समाजिक समावेशिकरण	६२००
	संस्कृति संरक्षण	२१००
	पञ्जीकरण तथा सामाजिक सुरक्षा	२२००
	युवा तथा खेलकुद	५००
	न्यायिक समिति	१३००

मनिष शर्मा अधिकारी
सहायक आ.ले.प. अधिकृत

Scanned with CamScanner

	गरिबसँग विश्वेश्वर कार्यक्रम	४००
३.	पूर्वाधार विकास	१४१४१०
४.	वातावरण तथा विपद व्यवस्थापन	९१००
५.	संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन	६६००
६.	कार्यालय सञ्चालनः	१२२०१२
	जम्मा रु.	६९०३१२

फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय खानीगाउँ, पर्वत गण्डकी प्रदेश, नेपाल

ख) राजस्वः

वार्षिक विकास कार्यक्रम अन्तर्गत आन्तरिक श्रोतबाट अनुमानित रु.१,५०,००० आय हुने देखिन्छ ।

ग) कार्यसञ्चालन कोष लगायत अन्य कोषहरुः

क.स	कोषको विवरण
१.	स्थानीय संचित कोष
२.	प्रकोप व्यवस्थापन कोष
३.	आकस्मिक कोष
४.	विविध कोष

खण्ड-ख

९. लेखापरीक्षणको उद्देश्यः

कार्यसम्पादनको क्रममा प्रचलित नियम कानूनको परिपालना एवं आर्थिक कारोबारको लेखाङ्कनको परीक्षण गरी प्रतिवेदन सहित व्यवस्थापनलाई आवश्यक सुझाव प्रदान गर्नु यस लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ ।यसका साथै देहायका विषय सुनिश्चित गर्नु यस लेखापरीक्षणको अन्य उद्देश्य रहेका छन् ।

क) आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरे नगरेको ।

ख) आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन तथा अनुगमन भए नभएको

ग) नेपाल सरकारले स्वीकृत गरेको लेखा निर्देशिका,लेखा ढाँचा तथा मापदण्ड अनुसार लेखा राखे नराखेको

घ) कार्यसम्पादनको क्रममा परिचालन भएको श्रोतको नतिजामूलक उपयोग भएको नभएको

ङ) विनियोजन ऐन बमोजिम स्वीकृत सीमाभित्र रहि निर्दिष्ट प्रयोजनमा खर्च गरी आर्थिक कारोबारको सहि र यथार्थ चित्रण गरे नगरेको

च) नगदी, जिन्सी एवं अन्य सरकारी सम्पतिको हानी नोक्सानी र सम्पति दुरुपयोग हुन नपाउने व्यवस्था मिलाए नमिलाएको ।

मनिष शर्मा अधिकारी
सहायक आ.ले.प. अधिकृत

Scanned with CamScanner

१०. लेखापरीक्षणको क्षेत्रः

कार्यालयको आर्थिक वर्ष २०८३/०८४ को विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष तथा अन्य सरकारी कोष, तत्सम्बन्धी श्रेस्ता, प्रमाण, कागजात, विवरण, तथ्याङ्क, सूचनाको साथै कार्यालयको आन्तरिक नियन्त्रणको व्यवस्था, कानूनको परिपालना, सरकारी सम्पत्तिको संरक्षण र श्रोतको नतिजामूलक व्यवस्थापनको सम्बन्धमा आवश्यक परीक्षण गरी व्यवस्थापन समक्ष सुझाव प्रस्तुत गर्न यो लेखापरीक्षण केन्द्रीत हुनेछ । यो लेखापरीक्षण गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता, मितव्ययिता तथा औचित्यता जस्ता आधारहरु लिइनेछ ।

११. लेखापरीक्षणको कार्यपद्धतिः

लेखापरीक्षणको विषयवस्तु अनुसार प्रकृयामूलक वा नतिजामूलक वा दुवै पद्धति अवलम्बन गरी परीक्षण गरिनेछ । प्रकृयामूलक लेखापरीक्षणमा मूलतः प्रचलित कानूनले निर्धारण गरेको प्रकृया अनुरुप लेखाङ्कन गरे नगरेको परीक्षण गरी गणीतिय शुद्धता कायम गर्ने जस्ता पक्षहरुको परीक्षण गरिनेछ भने नतिजामूलक लेखापरीक्षणमा संगठनको कार्यसम्पादन मितव्ययी, प्रभावकारी र कार्यदक्ष ढङ्गले सम्पादन भए नभएको परीक्षण गरीनेछ । लेखापरीक्षण कार्य प्रवेश बैठकबाट शुरु भइ वहिर्गमन बैठकबाट अन्त्य हुनेछ । लेखापरीक्षण गर्दा अवलोकन, भौतिक परीक्षण, तुलना, गणना, सुनिश्चितता(पुष्टिकरण), कागजात भिडान, सोधपुछ, छलफल, विवरण संकलन तथा विश्लेषण जस्ता विधिहरु अवलम्बन गरिनेछ ।

१२. आन्तरिक लेखापरीक्षण गर्दाको फाइदाः

क) त्रुटि तथा अनियमिततामा सुधारः आर्थिक कारोबारमा हुन सक्ने गल्ति, अनियमितता र चुहावटलाई समयमै पत्ता लगाई तुरुन्त सच्याउन मद्दत गर्छ ।

ख) वेरुजु न्युनिकरणः अन्तिम लेखापरिक्षणमा आउन सक्ने कैफियत र वेरुजुलाई पहिल्यै घटाउन सहयोग पुऱ्याउँछ ।

ग) कानूनी पालनाः प्रचलित ऐन, नियम र कार्यविधिको पूर्ण पालना भए वा नभएको सुनिश्चित गर्छ ।

घ) आन्तरिक नियन्त्रण प्रणाली बलियोः कार्यालयको आन्तरिक व्यवस्थापन र नियन्त्रण प्रणालीलाई थप मजबुद र प्रभावकारी बनाउँछ ।

ङ) पारदर्शिता र जवाफदेहिताः संस्थाको वित्तिय प्रतिवेदन समयमै र भरपर्दो बनाउन मद्दत गर्छ, जसले गर्दा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि हुन्छ ।

१३. लेखापरीक्षण गर्ने शाखाको जिम्मेवारीः

क) कारोबारमा नियमितता, मितव्ययिता कार्यदक्षता, प्रभावकारीता र औचित्यता कायम गर्ने गराउने ।

ख) आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन र कार्यान्वयन

ग) प्रचलित कानून, लेखा मापदण्ड, निर्देशिका अनुरुप कारोबारको लेखाङ्कन गरी वित्तिय प्रतिवेदन तयारी

मनिष शर्मा अधिकारी
सहायक आ.ले.प. अधिकृत

Scanned with CamScanner

घ) लेखा परीक्षकलाई सूचनामा सहज पहुँच

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

१४. लेखापरीक्षणको सीमाः

यो लेखापरीक्षण गर्दा निम्नलिखित सीमाको अबलम्बन गरिनेछ ।

क) लेखापरीक्षण कार्य सम्बन्धित निकायबाट उपलब्ध गराएका लेखा, श्रेस्ता, प्रमाण कागजात एवं सूचना, तथ्य, तथ्याङ्क, र जानकारीमा आधारीत रहेको छ । यसरी उपलब्ध गराएका कागज, प्रमाण, एवं तथ्य तथ्याङ्कहरु पूर्ण सत्य र यथार्थ छन भनी मानेर लेखापरीक्षण कार्य सम्पन्न गरीएको छ ।

ख) कतिपय अवस्थामा लेखापरीक्षण गरीने निकायबाट पेश भएका फाइलहरुमा पर्याप्त मात्रामा कागजातहरु संलग्न नभएको वा उपलब्ध हुन नसक्ने अवस्थामा उपलब्ध सिमित कागजातहरुबाट उठाइएका विषयहरुमा तात्विक निष्कर्षमा पुग्न नसकिने र थप अध्ययनमा समयको सीमितताको कारण लेखापरीक्षकले अपेक्षा गरे अनुरुप नतिजा हासिल गर्न कठिनाइ पर्न सक्ने देखिन्छ । यद्यपी यसरी पर्याप्त कागजात नपुगेको अवस्थामा सो कारोबारको कैफियत तथा बेरुजु लेख्ने प्रयास गरिएको छ ।

ग) लेखापरिक्षण गर्दा प्रकृयामूलक र नतिजामूलक दुवै प्रकृया अवलम्बन गर्ने प्रयास गरीएको भएतापनि लेखापरीक्षणको लागि उपलब्ध श्रोत, साधन, समयको सीमा, लेखापरिक्षण कार्यमा संलग्न जनशक्तिको ज्ञान, सीप र अनुभवको सीमितता जस्ता कारणले गर्दा यो लेखापरीक्षण प्रकृयामूलक र कानूनको परिपालनामै बढी केन्द्रीत रहेको छ ।

घ) यो लेखापरिक्षण प्रचलित कानूनमा उल्लेखित आन्तरिक लेखापरीक्षणका क्षेत्र तथा आधारलाई समेट्ने प्रयास गरिएको भएतापनि लेखापरीक्षणका समग्र पक्ष, क्षेत्र तथा आधारलाई समेट्न कठिनाइ भएको छ ।

ङ) यो लेखापरीक्षण सार्वजनिक कोषको प्रयोग गरि भएको आर्थिक कारोबारमा मात्र केन्द्रीत रहेको छ ।

च) आन्तरिक लेखापरिक्षकले लेखापरीक्षण गर्दा असल मनसाय राखेर गरिएको छ । यसरी असल मनसायका साथ गरेको परीक्षणबाट कुनै कारोबार छुट हुन गएमा वा त्रुटि हुन पुगेमा त्यस्तो कार्यलाई सोहि दृष्टिकोणबाट हेरिनुपर्दछ ।

१५. जोखिम मूल्याङ्कनः

देहायका उल्लेखित तथ्यहरुको विश्लेषणको आधारमा कार्यालयको जोखिम पहिचान गर्न सकिन्छ ।

क) विगतका वर्षहरुमा आन्तरिक तथा अन्तिम लेखापरीक्षणले औंल्याएका बेरुजुहरु

ख) कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको अवस्था र प्रभावकारीता

ग) कार्यालयबाट हुने मासिक खर्च रकम र सो खर्चको मात्रा एवं प्रवृत्ति विश्लेषण

घ) राजस्व असुलीको मासिक अवस्था विश्लेषण

ङ) वित्तिय कारोबारको सारभूतता(मात्रा) तथा संवेदनशिलता

मनिष शर्मा अधिकारी
सहायक आ.ले.प. अधिकृत

Scanned with CamScanner

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खालीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

च) वातावरण संरक्षणको अवस्था

छ) मिडिया तथा पत्रपत्रिकाहरुमा सम्प्रेषण भएका समचारहरु

ज) कार्यालयलाई विगत वर्षहरुमा दिएको सुझावहरु कार्यान्वयनमा देखिएको तत्परता

झ) तालुक निकायबाट समय-समयमा अनुगमन तथा निरिक्षण गरी निर्देशन दिएको तथा उक्त निर्देशनको पालनाको अवस्था

१६. लेखापरीक्षणको कार्यक्रमः

निकायको जोखिम क्षेत्र, अन्तरनिहित जोखिम तथा आन्तरिक नियन्त्रणको अवस्था समेत मूल्याङ्कन गरी देहायअनुसार लेखापरीक्षण कार्य निर्धारण गरीएको छ ।

क्र.स	परीक्षणको विषय
१.	नगरकार्यपालिकाको कार्यालय
२.	वडा कार्यालयहरु

१७. आन्तरीक लेखापरिक्षण कार्य जिम्मेवारीः

क्र.स	कार्यालय/वडा कार्यालय	जिम्मेवारी	कैफियत
१.	नगरकार्यपालिकाको कार्यालय	मनिष शर्मा अधिकारी	
२.	वडा कार्यालयहरु	मनिष शर्मा अधिकारी	

मनिष शर्मा अधिकारी
सहायक आ.ले.प. अधिकृत

Scanned with CamScanner

१८. लेखापरीक्षणको अवधिः

क.स	कार्यालयको नाम	आलेप सम्बन्धि विवरण	महिना गते												आन्तरिक लेखापरीक्षक
			श्रावण	भदौ	असोज	कार्तिक	मंसिर	पुस	माघ	फागुन	चैत	वैशाख	जेष्ठ	असार	
१.	नगरपालिकाको कार्यालय	विनियोजन, राजस्व, धरौटी तथा अन्य कोष	१-२० आलेप गर्ने			१-२० आलेप गर्ने			१-२० आलेप गर्ने			१-२० आलेप गर्ने			
२.	वडा कार्यालय														
प्रत्येक त्रैमासिक समाप्त भएको अर्को महिनाको २०-३० गतेभित्र प्रतिवेदन तयारी गर्ने र मसान्तभित्र पेश गरिसक्ने ।															

२०८३।०४।१२
तयार गर्ने
मनिष शर्मा अधिकारी
सहायक आ.ले.प. अधिकृत

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

सदर गर्ने
भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत